# साइलो पिट निर्माणसम्बन्धी कार्यविधि, २०७५

<u>प्रस्तावना:</u> पशुपालन क्षेत्रमा व्यवसायिकरणको तथा दूधको उत्पादन लागत घटाउने कार्य लागि पशु आहाराको विकास हुनु जरुरी र हाल नेपालमा हिउँद महिनामा पशु आहारको अभावलाई परिपूर्ति गर्न वर्षा याममा उत्पादन भएको हरियो घाँसलाई साइलेज बनाई संरक्षण गर्नका लागि, आर्थिक वर्ष २०७५/०७६ को प्रदेश सरकार प्रदेश नं. ५ को नीति तथा कार्यक्रमको बुँदा नं. ६१ र ६२ लाई सम्बोधन गर्न र मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत कार्यक्रममा रहेको साइलो पिट निर्माण सहयोग कार्यक्रमलाई सहज, सरल, मितव्ययी र पारदर्शी रुपले सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "साइलो पिट निर्माणसम्बन्धी कार्यविधि, २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "साइलो पिट निर्माणसम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतको पशुपन्छी तथा मतस्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले साईलोपिट निर्माण सहयोग कार्यक्रम सम्झनुपर्छ।

(घ) "कार्यालय" भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भन्ने सम्झनु पर्नेछ।

(ङ) "द्विपक्षिय/वहुपक्षिय सम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बिच साइलोपिट निर्माण कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता सम्झनुपर्छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

(च) "समिति" भन्नाले मन्त्रालय अन्तर्गत गठन भएका अनुसूची ६ बमोजिमका समितिहरु सम्झनु पर्दछ।

(छ) "कार्यविधि" भन्नाले "साइलो पिट निर्माण सम्बन्धि कार्यविधि, २०७५" सम्झनु पर्नेछ ।

३. <u>उद्देश्यहरुः</u> यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछन्।

(क) पशु आहाराको अभाव हुने समयमा पशु आहाराको उपलब्धता गराई पशु उत्पादकत्वमा बृद्धी गर्ने।

(ख) पशु उत्पादनमा लाग्ने खर्च कम गर्ने ।

(ग) साइलो पिट निर्माण कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले सञ्चालन गर्ने ।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालनसम्बन्धी</u>

४. <u>कार्यक्रम सञ्चालन हुने जिल्लाः</u> प्रदेश ५ अन्तरगतका १२ जिल्लाहरु।

५. <u>कार्यक्रम सञ्चालन प्रकृयाः</u> कार्यक्रम सञ्चालन विधि देहायबमोजिम हुनेछ।

(क) साईलोपिट निर्माण कार्यक्रम सञ्चालनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्महरुलाई दरखास्तको लागि अनुसूची १ बमोजिम सूचना आव्हान गर्नेछ।

(ख) ईच्छुक व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्महरुले अनुसूची २ बमोजिमको सिफारिस पत्र सहित अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन पेश गर्न सक्नेछन्

(ग) पेश भएका आवेदनहरु छनौटका लागि मूल्याङ्कन समितिले अनुसूची ४ अनुसार मूल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गर्ने छ।

(घ) मूल्याङ्कन समितिवाट मूल्याङ्कन गर्दा ५० प्रतिशत वा सो भन्दा माथी प्राप्त गर्ने प्रस्तावहरुलाइ समितिले स्थलगत प्रमाणीकरण गर्ने गराउने छ।

(ङ) स्थलगत प्रमाणिकरणको आधारहरु समितिले तोकेवमोजिम हुनेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.५ बुटवल, नेपाल

सचिव

(च) स्थलगत प्रमाणिकरण पश्चात समितिलाई मनासिव लागेमा प्रस्तावहरु स्विकृत गर्नेछ साथै सम्झौता र अन्य प्रक्रियाको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने छ।

(छ) यसरी छनौट भएका व्यावसायिक कृषक वा व्यावसायिक फार्महरुसँग अनुसुची ५ बमोजिम सम्झौता गरिनेछ।

(ज) छनौट भएका व्यावसायिक फार्महरुले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तोकेको बिभिन्न भौगोलिक क्षेत्र (मध्य पहाड र तराई) अनुसारको ढाँचा तथा लागत ईष्टिमेट अनुसार साईलोपिट निर्माण गर्नुपर्ने छ ।

(झ) एउटा व्यावसायिक फार्मलाई एक आर्थिक बर्षमा एउटा साईलोपिट निर्माण कार्यको लागि मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

(ञ) कम्तिमा ८०० घन फिटको साईलोपिट (मझौला) निर्माण गरिने छ । लागत रकमको ५० प्रतिशत रकम वरावरको अनुदान रकम उपलब्ध गराइने छ ।

(ट) साईलोपिट निर्माण कार्यक्रम सञ्चालन तथा स्थापनाको लागि प्रदेश सरकारबाट प्राप्त अनुदान विबरणलाई सार्वजनिकीकरण गर्नुपर्ने छ ।

६. <u>भुक्तानी विधि र प्रक्रिया:</u> भुक्तानी विधि र प्रक्रिया देहायबमोजिम हुनेछ।

(क) सम्झौता पश्चात कुल अनुदान रकमको २० प्रतिशत नवढ्ने गरी पेश्की स्वरुप नियमानुसार अनुदान ग्राहीको खातामा चेक मार्फत पेश्की रकम जम्मा गरिनेछ।

(ख) अनुदान ग्राहीले अन्तिम किस्ता भुक्तानिको लागि सम्झौता अनुसार कार्यसम्पन्न कागजात संलग्न राखी कार्यालयमा पेश गर्नुपर्ने छ।

(ग) कार्यालय प्रमुखले कार्य प्रगतिको अवस्थाको बारेमा बुझ्न स्थलगत निरीक्षणको लागि कर्मचारी खटाउन सक्नेछ। निरिक्षणवाट प्राप्त रिपोर्टको आधारमा कूल अनुदान रकमवाट प्रचलित कानूनबमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी अनुदान ग्राहीको वैक खातामा चेक जम्मा गर्नुपर्ने छ।

६. <u>आर्थिक प्रशासन सेवासम्बन्धी:</u> कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल
सचिव

मापदण्ड कार्यविधी र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, तथा प्रचलित कानूनबमोजिम हुनेछ।

७. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनसम्बन्धी व्यवस्थाः कार्यक्रमको अनुगमन मन्त्रालय र मन्त्रालयले तोकेको निकाय वा कार्यालयहरुले गर्नेछन् । यस कार्यक्रममा सहभागी व्यवसायिक पशुपालक कृषक वा फार्मले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु तोकिएको निकाय वा कार्यालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

८. थपघट वा हेरफेर गर्न सक्नेः (१) यस कार्यविधिको कार्यान्वयनलाई थप व्यविस्थत र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

सचिव

**अनुसुची १**

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा ।**

......................... कार्यालयको आ.व. २०७..।०७.... को स्वीकृत कार्यक्रम अनुसार सहकार्य/साझेदारीमा साइलो पिट निर्माण गर्न इच्छुक व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लिखत कागजातहरु संलग्न गरी ................कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरु

१ अनुसुची २ अनुसारको सिफारिस पत्र।

२ अनुसुची ३ अनुसारको ढाँचामा आवेदन ।

३ संस्था वा फर्म दर्ताको प्रमाण-पत्रको प्रतिलिपि।

४ प्रस्तावित साईलोपिटको लागत ईष्टिमेट।

५ विमा गरिएका पशुहरुको विवरण र विमा अभिलेखको फोटोकपी।

६ प्रस्ताव छनौट भएको खण्डमा आफ्नो तर्फबाट खर्च गर्नु पर्ने रकमको प्रतिवद्धता

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

## अनुसूची २

## सिफारिसको नमूना

.............................. कार्यालयको सिफारिस पत्र

..................कार्यालयको,..........मिति ........................ को राष्ट्रिय दैनिकमा ........................ मा प्रकाशित सूचना अनुसार जिल्ला ...................... गाउँपालिका। नगरपालिका ............. वडा .................... सञ्चालित ...................... व्यावसायिक पशुपालक कृषक वा व्यावसायिक फार्मले सहकार्यमा साईलोपिट निर्माणका लागी तहाँ ......कार्यालयमा सिफारिसका लागि निवेदन दिनु भएको छ । उक्त निवेदन उपर कारवाही हुँदा निवेदक व्यवसायिक पशुपालक कृषक वा व्यावसायिक फार्मले प्रस्ताव गरेको .................. वर्ग फिटको साईलो पिटको निम्ति तपशिलमा उल्लेख गरे अनुसारको पशुपालन र घाँसखेती गरेको तथा फर्मले थप गर्नु पर्ने रकमको व्यवस्था गर्न समेत सक्षम रहेको र हालसम्म कुनै अनुदान रकम नलिएको हुनाले नियमानुसार सहकार्यमा साईलोपिट निर्माण कार्यक्रममा सहभागी गराउनु हुन सिफारिस सहित अनुरोध छ ।

क. पशुपालन तथा घाँस लगाएको क्षेत्रफल सम्बन्धी विवरण:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | पशुको किसिम | दुधालु गाई वा भैसी | व्याउने गाई वा भैसी | थारा | कोरली | वाच्छा वाच्छी |
| | संख्या | | | | | |
| | विमा गरिएका पशु संख्या | | | | | |
| ख | घाँसको नाम | नेपियर | मकै | मकैचरी | | |
| | घाँस लगाएको क्षेत्रफल (हेक्टर) | | | | | |

कार्यालय प्रमुख

नामः

पदः

दस्तखतः कार्यालयको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

सचिव

**अनुसूची ३**

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

**आबेदन फारमको ढाँचा**

मितिः

श्री प्रमुख ज्यू

...............................

................................

**विषयः सहकार्यमा साइलो पिट निर्माण कार्यक्रममा सहभागी हुने वारे ।**

महोदय,

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट मितिः .................. को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार म/हामीलाई सहकार्यमा साइलो पिट निर्माण गर्न इच्छा भएकोले उक्त कार्यमा सहभागी हुन पाउँ भनि निम्न विवरण खोली यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

१. व्यवसायिक पशुपालक कृषक वा व्यवसायिक फर्मको नामः

२. कृषक वा अध्यक्षको नामः

३. ठेगाना

क) जिल्लाः ख) गाउँपालिका/नगरपालिकः ग) वडा नः

४. पशु संख्या तथा घाँस लगाएको क्षेत्रफल सम्वन्धि विवरण

| पशुको किसिम | दूध दिने गाईभैसी | ब्याउने गाईभैसी | थारा गाईभैसी | कोरली | वाच्छावाच्छी पाडापाडी | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | | | | | | |
| बिमा गरिएका पशु संख्या संख्या | | | | | | |
| घाँसको किसिम | | | | | | |
| लगाएको क्षेत्रफल हेक्टर | | | | | | |

५. पालिएका सबै पशुहरुको बिमा गरिएको/नगरिएको

६. बार्षिक कारोबारः

७. सम्बन्धित बिषयमा तालिम लिएको/नलिएको:

८. सम्बन्धित कार्यालयको सिफारिस

९. सम्पर्क व्यक्तिको नामः

१०. सम्पर्क नम्बरः

११. दस्तखतः

१२. संस्थाको छाप

सचिव

## अनुसूची ४

### आवेदन छनौटका लागी मुल्याङ्कनका आधारहरु:

| क्रस | विवरण | पूर्णांक | अंक प्रदान आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | प्रस्तावको प्रस्तुतिको ढाँचा | १० | आंशिक भरीएको १ देखि ५ अंक<br>पूर्ण भरीएको ६ देखि १० अंक | |
| २ | संस्थाको स्थापना वर्ष | ५ | ० वर्षसम्म १ अंक<br>१ वर्षसम्म २ अंक<br>१ देखि २ वर्षसम्म ३ अंक<br>३ वर्ष भन्दा माथी ५ | |
| ३ | पशु पालनको स्थिती | २५ | ३० दुधालु पशु १२ अंक<br>३१ देखि ४० दुधालु पशु १९ अंक<br>४१ देखि माथी दुधालु पशु २५ अंक | |
| ४ | घांसलगाएको क्षेत्रफल | २० | १५ देखि २० कठ्ठा ५ अंक<br>२१ देखि ४० कठ्ठा १० अंक<br>४१ देखि ६० कठ्ठा १५ अंक<br>६१ कठ्ठा भन्दा माथी २० अंक | |
| ५ | पशु विमाको अवस्था | २० | ५० प्रतिशत माउ पशुमा विमा ७ अंक<br>५१ देखि ७५ प्रतिशत माउ पशुमा विमा १२ अंक<br>७६ प्रतिशत भन्दा वढी माउ पशुमा विमा २० अंक | |
| ६ | गाई गोठको अवस्था | ५ | पराम्परागत ३ अंक<br>सुधारिएको ५ अंक | |
| ७ | संवन्धित संस्थाबाट सिफारिस | ५ | नभएको ० अंक, भएको ५ अंक | |
| ८ | प्रस्तावित साईलोपिटको लागत ईष्टिमेट संलग्न | १० | भएको: १० अंक, आँशिक भएको: ५ अंक<br>नभएको ० अंक | |
| | | १०० | | |

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल

अनुसूची ५

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**व्यावसायिक पशुपालक कृषक वा व्यवसायिक फार्महरुसँगको सम्झौता पत्रको ढाँचा**

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...........(यसपछि प्रथम पक्ष भनिने) को बार्षिक कार्यक्रम अनुसार सहकार्यमा साईलो पिट निर्माण कार्यक्रम सञ्चालन गर्न र श्री ................ ...........................................................................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरुमा मञ्जुर भई द्धिपक्षिय सम्झौता सम्पन्न भयो ।

तपशिलः

१. प्रस्तावित साईलो पिट निर्माण .................... जिल्ला .................. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका ......... वडा न. मा मिति ................. सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले साईलो पिट निर्माणको लागि पहिलो पक्षले लागत ईष्टिमेटको बढीमा ५० प्रतिशत वा वढिमा रु..................... (अक्षरेपी ...........................................) मध्ये जुन रकम कम हुन्छ सोही अनुसार अनुदान प्रदान गर्नेछ । दोश्रो पक्षबाट लागत अनुमानको कम्तिमा ५० प्रतिशत रकम बराबरको योगदान गर्नु पर्ने छ । अन्य नपुग रकमको व्यवस्था पनि दोस्रो पक्षले व्यहोर्नु पर्ने छ ।

३. दोश्रो पक्षले साईलो पिट निर्माण कार्य सम्पन्न गरी बिल भरपाईहरु तथा कार्य प्रगति प्रतिबेदन बुझाए पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गरि मनासिब ठहरेमा मात्र सम्झौता मुताबिकको रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ ।

४. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ । सम्झौता मुताबिक कार्य नभएमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग भएमा प्रथम पक्षले जुनसुकै समयमा

सचिव



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल

एकतर्फि रुपमा संझौता भङ्ग  गरि दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५. सहकार्यमा निर्माण गरिएको साईलोपिट ५ वर्ष सम्म विगार्न वा अन्य प्रयोगमा ल्याउन पाईने छैन ।

६. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी  बोर्ड राख्नु पर्नेछ ।

७. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित नियम, कानून र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

दोश्रो पक्षको तर्फबाट: प्रथम
पक्षको तर्फबाट:

हस्ताक्षर:
हस्ताक्षर:

नामः नामः

पदः पदः

कार्यालय कार्यालय

साक्षी: साक्षी :

हस्ताक्षर:
हस्ताक्षर:

नामः नामः

पदः पदः

कार्यालय कार्यालय

इति सम्बत.......................साल.....................महिना..............गते रोज ............शुभम् ।



सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल

## अनुसूची ६

### मूल्याङ्कन समिति

| | |
|---|---|
| प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि कृषि ज्ञान केन्द्र | सदस्य |
| पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |

नोटः निर्णय प्रक्रियामा आवश्यकता परेमा समितिले वढीमा ३ जना सम्म सम्वन्धित विषयको विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछन्।

सचिव

प्रदेश सरकार
कृषि तथा सहकारी
प्रदेश नं.५
बुटवल, नेपाल